प्र.जि.अ.अ. ५२-२११०
निवास ५२-२२८२
स.प्र.जि.अ ५२-३०४७
०५१-५२४०६६

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पर्सा

## जिल्ला प्रशासन कार्यालय, पर्साको अत्यन्त जरुरी सूचना
(सूचना प्रकाशित मिति : २०७७।०६।०१)

विश्व व्यापी महामारीको रुप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारको लागी जिल्ला सुरक्षा समितिको बैठकबाट जारी निषेधाज्ञालाई मिति २०७७ साल असोज १ गते बसेको जिल्ला सुरक्षा समितिको बैठकबाट जारी निषेधाज्ञालाई मिति २०७७ असोज १५ गते राती १२:०० बजेसम्म वीरगंज महानगरपालिका क्षेत्र भित्र निरन्तरता दिदै देहाय बमोजिम गर्ने/गराउने गरी संक्रामक रोग ऐन, २०२० बमोजिम आदेश जारी गरिएको छ :

१. **सार्वजनिक सेवा प्रवाह सम्बन्धमा :**

क. सबै कार्यालय, निकाय एवं संघ संस्थाहरुले मिति २०७७-०६-०१ गते देखी नियमित रुपमा कार्य संचालन गरी सेवा प्रवाह गर्ने र सो सेवा प्रवाह गर्नुभन्दा अगाडी आफ्नो कार्यालयबाट प्रवाह हुने सेवा को सम्बन्धमा :

१. प्रत्येक कार्यालयले अति आवश्यकीय र जरुरी सेवा वर्गिकरण गर्ने ।

२. अतिआवश्यकीय र जरुरी सेवाहरु प्रवाह गर्ने ।

३. प्राथमिक्ताको आधारमा सेवाहरुको निरन्तरता दिदै जाने ।

ख. प्रवेश विन्दुमा अनिवार्य तापक्रम मापण गर्ने,

ग. साबुन, पानी, सेनिटाईजरको व्यवस्था गर्नुपर्ने,

घ. अनिवार्य लगबुक राख्नुपर्ने,

ङ. शौचालय र हात धुन ठाउँ पटक पटक सफा गर्नुपर्ने,

च. कर्मचारी-कर्मचारी, सेवाग्राही-सेवाग्रही, कर्मचारी-सेवाग्राही बीचको दुरी कम्तिमा २(दुई) मिटर हुनुपर्ने,

छ. अनिवार्य मास्कको प्रयोग गर्न लगाउनु पर्ने, मास्क नलाएकाहरुलाई कार्यालय परिसर भित्र प्रवेश निषेध गर्ने,

२०७७।०६।०१

प्रमुख जिल्ला अधिकारी

प्र.जि.अ.अ. ५२-२११०
निवास ५२-२२८२
☎ स.प्र.जि.अ ५२-३०४७
🖷 ०५१-५२४०६६

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पर्सा

ज. जरुरी बैठक र छलफलमा अति आवश्यक पदाधिकारी मात्र उपस्थित हुने गरी बैठक तथा छलफल गर्ने,

झ. सेवाग्रहीलाई सम्भव भएसम्म अनलाईन सेवा दिने, सम्भव नभए काउन्टर मोडलबाट सेवा दिने व्यवस्था मिलाउने,

ञ. शुल्क र राजश्व लिदाँ सम्भब भएसम्म नगद कारोबार नगरी बैकिङ्ग कारोबार मार्फत गर्ने र गराउने,

ट. सेवाग्राहीले पालना गर्नु पर्ने सावधानी सम्बन्धी सूचना प्रवेश विन्दुमा नै सूचना बोर्ड राख्ने,

ठ. टोकन प्रणाली लागु गर्ने ।

ड. नेपाल सरकारले तोकेको सुरक्षा,स्वास्थ्य र अन्य तोकिएको मापदण्डको पालना गर्नु पर्ने ।

ढ. स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड पुरा गरे/नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालयले नियमित अनुगमन गर्ने।

२. सवारी साधन संचालन सम्बन्धमा :

छोटो, मध्यम तथा लामो दुरीमा जिल्ला भित्र तथा अन्तर जिल्लामा संचालन हुने नीजि तथा सार्वजनिक सावारी साधनहरुको संचालन स्थगन गरिएकोमा देहाय बमोजिम हुने गरी मिति २०७७-०६-०१ गते देखी संचालन गर्ने :

क. सिट क्षमताको ५०% यात्रु मात्र राख्ने,

ख. भौतिक दुरी कायम हुने गरी एक पंक्तिको सिटमा एक जना मात्रै यात्रु राख्ने,

ग. सिटमा बाहेक यात्रु राख्न नपाईने,

घ. सबै यात्रुले मास्क लगाउनु पर्ने,

ङ. यात्रु चढ्ने सवारी साधनको ढोकामा सेनिटाईजरको व्यवस्था गर्नु पर्ने,

च. चालक तथा सह-चालकले मास्क, भाईजर (फेस सिल्ड), पन्जा लगाउने,

छ. सवारी साधनलाई दैनिक रुपमा निसंक्रमित गर्ने,

ज. यो व्यवस्था लागु रहदाँसम्म तोकिएको भाडादरमा अधिकतम थप ५०% भाडा लिन सक्ने ।

२०७७/०६/०१

प्रमुख जिल्ला अधिकारी

प्र.जि.अ.अ. ५२-२११०
निवास ५२-२२८२
☎ स.प्र.जि.अ ५२-३०४७
📠 ०५१-५२४०६६

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

पर्सा

झ. वीरगंज महानगरपालिका स्थित मिनाबजार, घण्टाघर देखी नारायणी अस्पताल जाने मेनरोडमा विहान १०:०० बजे देखी दिउँसो ५:०० बजेसम्म No Vehicles Movement zone घोषणा गरी लागु गर्ने तर एम्बुलेन्स, शव वाहन, दमकल, औषधी ढुवानी गर्ने सवारी साधन संचालन गर्न पाईने ।

ञ. सवारी साधनको व्यवस्थापन गर्न बीरगंज महानगरपालिकाको समन्वयमा पुरानो र नयाँ वसपार्क, घण्टाघर र मालपोल कार्यालय अगाडी रहेको स्थलहरुमा पार्किङको व्यवस्थापन गर्ने ।

ट. वीरगंज महानगरपालिका भित्र फुटपाथमा कुनै प्रकृतिका पसलहरु संचालनमा रोक लागाउने ।

ठ. लामो दुरीका बाहेक स्थानीय स्तरमा संचालित सबै प्रकारका सवारी साधनहरुमा जोर गते जोर नम्बर र बिजोर गते बिजोर नम्बर भएका सवारी साधन संचालन गर्ने ।

३. **निषेधाज्ञालाई व्यवस्थित गर्ने सम्बन्धमा :**

१. कोभिड-१९ रोकथाम, नियन्त्र तथा उपचारलाई व्यवस्थित गर्न (Covid-19 Based Seal) संक्रमणमा आधारित सिलबन्दी प्रकृयालाई निरन्तरता दिईने ।

२. पसल, वजार तथा तरकारी फलफूलको विक्री वितरणलाई व्यवस्थित एवं प्रभावकारी बनाउन देहाय अनुसार गरिने :

क. बीरगंज महानगरपालिका क्षेत्रभित्र रहेका पसलहरु शनिबार बाहेक प्रत्येक दिन दिउँसो ११:०० बजे देखी ४:०० बजेसम्म स्वास्थ्य सम्बन्धी मापदण्डको पालना हुने गरी र भिडभाड नहुने गरी संचालन गर्न पाईने ।

ख. तरकारी तथा फलफुलको हकमा रेल्वे रोडमा घण्टाघर चोक देखी २०० मिटर स्कुल देखी दक्षिण तर्फ एक तर्फी रुपमा मात्र पसलहरु राख्ने । दुई पसल वीचको दुरी न्युनतम १५ फिट राख्ने । उक्त सडक खण्डमा तोकिएको अवधि भरी कुनै पनि मालवाहक यात्रुवाहक सवारी साधन सन्चालन गर्न नपाइने ।

२०७८।०५।०१
प्रमुख जिल्ला अधिकारी

प्र.जि.अ.अ. ५२-२११०
निवास ५२-२२८२
☎ स.प्र.जि.अ ५२-३०४७
📠 ०५१-५२४०६६

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पर्सा

ग. तोकिएको समय र स्थान वाहेक अन्य समय वा स्थानमा कुनै पनि प्रकारले पसल खोलेको, सामान बेचेको वा भिडभाड गरेको पाइएमा तत्काल कानुन बमोजिम कारबाही गरिने ।

घ. आ- आफ्नो पसलमा आउने ग्राहकहरुलाई सामाजिक दुरी कायम गर्ने, भिडभाड नियन्त्रण गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यवसायीको हुने । स्वास्थ्य तथा सुरक्षाको मापदण्ड उल्लंघन भएको पाइएमा सम्बन्धित व्यवसायीलाई कारवाही गरिनेछ ।

ङ. तरकारी तथा फलफुल पसल विहान ५ देखी ८ बजे सम्म मात्र सन्चालन गर्ने ।

३. कोभिड-१९ को संक्रमण विस्तारलाई रोक्न NO Mask No Move अभियान संचालन गर्ने, सार्वजनिक स्थलहरुमा मास्क नलगाई आवज जावत गर्ने व्यक्तिहरुलाई तत्काल कारवाही गर्ने ।

४. शनिवार तथा सार्वजनिक विदाका दिन NO Movement Day को रुपमा घोषणा गरी लागु गर्न अनुरोध गर्ने

५. अनावश्यक आवत जावतलाई नियन्त्रण गर्न घण्टाघर, परवानिपुरको प्रतिमा चौक, पावर हाउस, विर्ता चौक र आदर्शनगरलाई Restrictive Movement Area तोक्ने ।

६. नेपाल-भारत सिमानामा अनाधिकृत अवागमनलाई नियन्त्रण गर्न सिमा नाकामा विशेष सुरक्षा अभियान संचालन गर्ने ।

७. आम नागरिकलाई अनुरोध

क. नागरिकको स्वास्थ्य सम्बन्धी उच्च सतर्कता अपनाएर मात्रै नियमित काम कारवाही संचालन गर्ने,

ख. अत्यावश्यक काम बाहेक आफु रहेको आवास र कार्यालयबाट अन्यत्र आवत जावत नगर्ने,

२०७७।०६।०७
प्रमुख जिल्ला अधिकारी

प्र.जि.अ.अ. ५२-२११०
निवास ५२-२२८२
☎ स.प्र.जि.अ ५२-३०४७
🖷 ०५१-५२४०६६

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
पर्सा

ग. अत्यावश्य काम बाहेक अनावश्यक हिलडुल गर्न निषेध गर्ने,

घ. दीर्घरोगी, १० वर्ष मुनिका बालबालिका ज्येष्ठ नागरिक सुत्केरी वा गर्भवती महिला र अशक्तहरु अति आवश्यक र स्वास्थ्य सम्बन्धी काम बाहेक आफ्नै घरमा बस्न प्रोतसाहन गर्ने,

ङ. सुरक्षाकर्मी स्वास्थ्यकर्मी र कर्मचारीले स्वास्थ्य सम्बन्धी उच्च सतर्कता उपनाउने ।

८. **देहाय बमोजिमका सेवा र कार्यहरु हाललाई जिल्ला भित्र सञ्चालन गर्न नपाईने :**

क. कुनै पनि मेला, महोत्सव, जात्रा सञ्चालन गर्न, मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस गर्न,

ख. परम्परागत रुपमा भइ आएको दैनिक रुपमा आन्तरिक नित्य पुजा वाहेकका सम्पुर्ण धार्मिक सांस्कृति गतिविधिहरु सञ्चालन गर्न ।

ग. शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्र, ट्युशन सेन्टर, भाषा कक्षा लगायतको गतिविधिहरु।

घ. मनोरञ्जन स्थल, शैलुन, व्युटिपार्लर, स्पा, स्वीमिङ्ग पुल, जिमखाना, समुहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय आदि ।

ङ. शैक्षिक तथा कुनै परिक्षा संचालन गर्न ।

२०७६/०६/०७

अस्मान तामाङ
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी